# विनियोजन ऐन, २०७८

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

**बलेफी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**बलेफी, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

CamScanner

# बलेफी गाउँपालिकाको विनियोजन विधेयक -२०७८

बलेफीगाउँपालिकाको आर्थिक बर्ष ०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०७८

**प्रस्तावना:** बलेफीगाउँपालिकाको आर्थिक बर्ष ०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बलेफी गाउँ सभामा यो विधेयक पेश गरिएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भ:**

(१) यस बिधेयकको नाम " बलेफी गाउँपालिकाको विनियोजन विधेयक, २०७८" रहेको छ ।

(२) यो बिधेयक गाउँसभाबाट स्वीकत भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष ०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष ०७८।०७९ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४७,०१, ५७,०००/- (**अक्षेरुपी सटचालिस करोड एक लाख सन्ताउन्न हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७७०७९ को निमित्त बलेफी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाहेक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनु पर्नेछ ।

शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

CamScanner

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| | | | व्यय | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत/विकास खर्च | समपूरक योजना | शशर्त अनुदान तर्फ | विशेष अनुदान तर्फ | समपूरक अनुदान | वित्तिय व्यवस्था | जम्मा |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| १. | | गाउँ कार्यपालिका (वडा समेत) | ७,५९,१०,०००/ | ९,१६,५०,०००/ | ४,९९,६७,०००/ | १९,५१,६३,०००/ | १,०९,००,००० | ४,६५,६७,०००/ | संघीय सरकार/प्रदेश सरकार/ राजश्व/ आन्तरिक आय | ४७,०१,५७,०००/ |
| २. | | ऋणको साँवा व्याज भुक्तानी | - | - | - | - | - | - | - | - |
| ३. | | लगानी (शेयर/ऋण) | - | - | - | - | - | - | - | - |

कुल जम्मा रु. सटचालिस करोड एक लाख सन्ताउन्न हजार मात्र ।

बलेफी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३